सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २०४ ♦ २०८१ साल वैशाख ६ गते बिहिबार ♦ 18 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# शिक्षक र प्रअबीचको विवादले योग कुमार माविको पठनपाठनमा असर

**बिशाल बस्नेत**

**वैशाख ५ गते, बर्दिवास**



महोत्तरीको बल्वा नगरपालिकाको एक विद्यालयमा प्रधानध्यापक र शिक्षकविचको विवादले पठनपाठनमा असर परेको छ । वडा नं. ६ स्थित योग कुमार माध्यामिक विद्यालयका प्रधानध्यापक निरिपेन्द्र कर्ण र केही शिक्षकविचको आन्तरिक कलहले पठनपाठनमा गम्भीर असर परेको अभिभावकहरुले गुनासो गरेका छन ।

सोही विद्यालयमा अध्यापन गराउने शिक्षक सोभालाल यादवका अनुसार प्रधानध्यापक कर्ण शृंखलावद्ध अनियमिततामा सहभागी भएपछी शिक्षकहरुविच दुरी वढेको हो ।

उक्त विद्यालयमा अहिलेसम्म व्यवस्थापन समिति वन्न सकेको छैन। व्यवस्थापन समिति नभएको मौका छोपेर प्रधानध्यापकले आफुखुसी विद्यालयको सम्पत्ति नै हिनामिना गरेको शिक्षकहरुको आरोप छ ।

विद्यार्थीहरुसँग टाई र परिचयपत्रका नाममा आफुखुसी पैसा उठाएर अपचलन गरेको आरोप आईरहेको वेला विद्यालयको गोदाममा राखेको काठहरु समेत लिलाम गरेर प्रधानध्यापक कर्णले भ्रष्टाचार गरेको शिक्षकहरुले आरोप लगाएका छन ।

काठहरु वेचेको न्युन पैसा मात्र खातामा देखाएको र लाखौ रुपैया अनियमितता गरेको अर्का शिक्षक जिवन श्रेष्ठले वताए । काठको बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासमा शिक्षक सोभालाल आफैले उजुरी हालेका थिए ।

यहीँवाट सुरु भएको विवाद अहिले विद्यार्थीहरुको पठनपाठनमा समेत देखिएको छ । तर प्रधानध्यापक कर्णले भने शिक्षकहरुले आरोप लगाएर जस्तो नभएको जिकिर गरेका छन ।

सोभालाल यादव नियमित कक्षामा नआउने र विद्यालयको समयावधि पहिले नै निस्कने कारणले कारवाही गरेको हुदा वदला लिने उदेश्यले अफवाह फैलाईरहेको उनको भनाई छ ।

तर शिक्षक यादवले एसईईको समयमा विद्यालयवाट विना कारण १८४ जना विद्यार्थीहरुसँग जनही ३ सयका दरले अवैधानिकरुपमा पैसा उठाएको समेत आरोप लगाएका छन । विल विना पैसा उठाएर उक्त पैसा लेखा साखामा नबुझाएको कर्णमाथी आरोप लागेको छ । यो आरोप यसलाई स्थानीय अभिभावकले समेत ऐक्यबद्धता जनाएका छन ।

अभिभावक कुशेस्वर महतोले शिक्षक सोभालालले भनेको बिषयहरुमा सत्यता नै भएको दावी गरेका छन । 'हामीले कक्षा-१० को बिद्यार्थीहरुलाई ३ सय मागेपछि घरवाट पठाएका थियौ । त्यो कता खर्च भयो वा केको लागि लिएको थियो अझै खुल्न सकेको छैन ।' अभिभावक महतोले भने । 'यसको बिषयमा छानविन हुनुपर्छ अहिलेसम्म लेखा साखामा यो पैसा जम्मा भएको पाइएको छैन ।'

काठ लिलाम गरेको झन्डै ५५ हजार मात्र खातामा देखाएको र १८४ जना विद्यार्थीहरुसँग ३ सयका दरले उठाएको पैसा लेखा साखामा दाखिला नभएको लेखापाल संजिव यादवले वताए ।

'मैले पनि प्रधानध्यापक कर्णले पैसा उठाएको भन्ने थाहा पाएको हौ तर उक्त पैसाको बिषयमा लेखा साखा अनविज्ञ छ ।' लेखापाल यादवले भने। 'खै अब सम्बन्धित निकायले यस्को छानविन गर्ला नी सरहरू समबन्धित निकायसम्म पुग्नु भएको छ क्यार ।'

यता नगर सिक्षा साखाका साखा अधिकृत रामविनय यादवले भने विद्यालयमा प्रधानद्यापक कर्ण भन्दा पनि शिक्षक दोषी भएको वताए । उन्ले विद्यालयको विषयमा पटक-पटक छलफल भएको तर शिक्षकहरुले मनोमानी गर्न नपाउदा प्रधानध्यापकमाथी रिस पोखिरहेको वताउदै शिक्षक सोभालाललाई सजायस्वरूप एक महिनाको १० हजार तलव समेत काटेको वताएका छन ।

शिक्षक सोभालाल विद्यालयमा महिनामा धेरै दिन उपस्थित नै नभएपछी सिक्षा साखा र प्रधानध्यापकविच भएको छलफलमा नै चेतावनीस्वरूप कार वाही गरेको प्रमुख यादवको भनाई छ ।

तर शिक्षक यादवले भने यसलाई अस्विकार गरेका छन् । संचित विदाको अभिलेख नै गायव वनाएर झुटो आरोप लगाएको उनको भनाई छ । यादवले अभिलेख देखाएर यसको पुष्टि गर्न चुनौती समेत दिएका छन ।

# अहिलेको गठबन्धन सरकार लामो समय टिक्दैन : हमहामन्त्री यादव



**खबर दर्पण समाचारदाता**

**वैशाख ५ गते, जनकपुर**

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्रप्रसाद यादवले एमाले-माओवादी गठबन्धन लामो समयसम्म नटिक्ने भन्दै छिट्टै सत्ता समीकरण फेरिने बताएका छन् ।

गृहगाउँ लक्ष्मनीयाँ बजारमा मंगलबार शहीद कामेश्वर कुशेश्वर प्रतिष्ठान तथा नेपाल किसान महासंघ धनुषाको संयूक्त आयोजना नयाँ वर्ष २०८१ को शुभकामना कार्यक्रममा बोल्दै पूर्वमन्त्रीसमेत रहेका सहमहामन्त्री यादवले फेरी माओवादी, कांग्रेस र एकीकृत समाजवादीको सरकार बन्ने ठोकुवा गरे ।

दुई ठुला नेपाली कांग्रेस र नेकपा एमालेले गठबन्धन बनाएर सरकार संचालन गरेमा निरंकुश सरकार

*बाँकी पृष्ठ ३ मा*

## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**



# महोत्तरीको गौशालामा साइबेरियन बकुल्लाको बथान

**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**वैशाख ५ गते, गौशाला**
महोत्तरीको गौशाला नगरपालिका क्षेत्रमा अहिले साइबेरियन बकुल्ला आउन थालेका छन् ।

वर्षेनी गर्मी र वर्षायाम शुरु भएसँगै महोत्तरीको गौशालामा हुलका हुल आएका साइबेरियन चराका कारण यतिखेर गौशाला बजार र वरपरका रुख सेता भएका देखिन्छन् ।

गर्मी र वर्षायामको शुरुवात भएसँगै आउने यो चरा जाडोको शुरुवातसगै पुनः साइबेरिया नै फर्कने गरेका छन् । गौशाला इलाका प्रहरी कार्यालय परिसर र त्यसका वरिपरि क्षेत्रमा रहेका रुखहरुलाई आफ्नो वासस्थानका रुपमा प्रयोग गर्ने गरेको साइबेरियन बकुल्लालाई हेर्न अहिले यहाँ मानिसको भीड लागने गरेका छन् ।

मानिसको भीडलाई हेर्दा यहाँ चरा महोत्सव भएजस्तै लागने गरेको छ । गर्मी र वर्षा्तको मौसमको सुरुवातसँगै यहाँ आउने र असोजको अन्तिम सम्ममा फर्कने गरेको प्रत्यक्षदर्शी स्थानीयवासी बिरेन्द्र यादवले बताएका छन्। वर्षेनि नेपालको यस क्षेत्रमा मात्र किन आउँछन् कौतुहलताको विषय भएता पनि सो कुरा अझै पत्ता लागेको छैन ।

नेपालको यस स्थानमा मात्र आउने साइबेरियन चरा वर्षेनि गर्मी मौसमको शुरुवातसँगै आउने र असोजको अन्तिमसम्ममा फर्कने गरेको स्थानीय अजय साहले बताए । बकुल्लाजस्तै देखिने सेतो रङ्गका यी चरा बकुल्ला प्रजातिको भएको र यी चारा छ महिनासम्म गर्मी र वर्षा हुने स्थानमा बसाइँ सर्ने गरेका छन् ।

यी चराका लागि अहिले प्रजननको समय भएकाले यस स्थानमा आउने गरेको बताइएको छ । विगत सात वर्षदेखि यी चरा यस स्थानमा आउने गरेको भएपनि यस क्षेत्रमा भएका रुख दिनप्रतिदिन पातलिँदै गएपछि यसको बासस्थान संकटमा पर्न लागेको जनगुनासो आएपछि अहिले त्यस क्षेत्रमा वृक्षरोपण पनि शुरु गरिएको छ । उक्त चराको वासस्थानलाई संरक्षण गर्न सके यसले वातावरण र पर्यटन प्रवर्द्धन गर्नमा सहयोग पुग्ने विश्वास स्थानीयवासीको छ ।

साइबेरियन बकुल्लाले नदी किनार को छिपछिपे पानी भएको ठाउँ र ओरपरका पोखरी पाहुना चराले चरण क्षेत्र बनाएका छन् । पानीमा तैरिने लेउ, साना भुरा माछा र किरा फट्याङ्ग नै पाहुना चराको आहारा हुने गरेको छ ।

इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले भने पाहुना चराको रेखदेख, संरक्षण र हेरचाहमा समुचित ध्यान दिइँदै आइएको बताउनुहुन्छ । "हामीले पाहुना चराको सक्दो हेरचाह गरेका छौँ", प्रनि यादवले भन्नुभयो, "गुलेली चलाउने, चरा जिस्क्याउने र घुँयत्रो हान्नेजस्ता चरा बिच्क्याउने काम परिसरभित्र पूर्णवर्जित छ ।" यद्यपि यहाँ आउने चराका विविध पक्षबारे अध्ययन अनुसन्धान हुनुपर्ने आवश्यकता औंल्याइएको छ ।

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।*

# ३१ औं पारिजात स्मृति सभा सम्पन्न




**बर्दिवास**/ महोत्तरीको बर्दिवासमा बुधबार ३१ औं पारिजात स्मृति सभा सम्पन्न गरिएको छ ।प्रगतिशील लेखक संघ नेपाल, मधेस प्रदेश समितिको आयोजनामा गरीएको स्मृति सभामा राष्ट्रिय सभाका पूर्व उपाध्यक्ष शशिकला दाहालको प्रमुख आतिथ्यता तथा प्रगतिशील लेखक संघ नेपाल, मधेस प्रदेश समितिका अध्यक्ष नारायण घिमिरेको अध्यक्षतामा सम्पन्न भएको थियो ।स्मृति सभा कार्यक्रममा बोल्ने बक्ताहरुले पारिजातको व्यक्तित्व र कृतिमाथि प्रकाश परेका छन ।उनिहरुले पारिजातको सहित्यिक, सामाजिक र राजनीतिक भूमिकाको बारेमा चर्चा गर्दै उहाँको जीवन दर्शनबाट आजको समाजल धेरैकुरा सिक्दै त्यसलाई ब्यवहारमा उतार्न सकेमात्रै वहाप्रती सच्चा श्रद्धाञ्जली हुने उल्लेख गरे


## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।



**बलवा नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि वैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**

# रगत व्यवस्थापन गरेर विरामीको ज्यान जोगाउन कम्मर कसेर खटिए युवा




**दिवेशकुमार महतो**

**वैशाख ५ गते, ढल्केवर**

जनकपुरका कार्तिकेश झाले न कहीँबाट रकम पाएका छन् न उनको जागिर छ । तर रगतकै अभावले विरामीको मृत्यु नहोस भनेर उनी निस्वार्थ खटिएका छन् । आफ्नो पढाई र काम सक्किनसाथ उनी कहिले विद्यालय त कलेजमा रगतको कुरा गर्न आइपुग्छन् । झा ब्लड फर नेपाल नामक गैरसरकारी संस्थाका धनुषा जिल्ला सदस्य हुन् ।

यो संस्थाले पछिल्लो केही महिनायता जनकपुरधाममारु रगत सचेतना कार्यक्रम गर्दै आएको छ। रक्तदान कसरी गर्ने ,कति बेला गर्ने ,किन गर्ने लगायतका विषयमा विधार्थीहरुलाई झा सहित संस्थाका सदस्यहरुले प्रशिक्षण दिइरहेका छन् । रगतको आवश्यकता, महत्त्व, रक्तदानको फाइदा र यसको विद्यमान अवस्था लगायतका विषयमा केन्द्रित रहेर उनीहरूलाई स्लाइड मार्फत् प्रस्तुतिकरण गरेर ब्लड फर नेपालले प्रशिक्षण दिइरहेको हो ।

'रगतको आवश्यक्ता रगतले नै पुरा गर्न सक्छ । तर यो पदार्थ हामीले बनाउन सक्दैनौं । इमरजेन्सीका बेला रगत अभाव हुँदा हामी सबैलाई चाहिने रगत नै हो। तर यो न खेतमा फल्छ न फैक्ट्रीमा उत्पादन हुन्छ। मानिसको शरिरमारु मात्र पाँउछ। त्यसैले मानिसलाई सचेत गराउन एकदमै जरुरी छ,' उनी भन्छन्, 'रगतको महत्व र रक्तदानको आवश्यक्ता बारे ग्राउण्ड लेभलबाटै सचेतना गर्ने किसिमले विधालयका कक्षा ११ र १२ सहित ब्याचलरका विधार्थीहरु राखेर हामी सचेतना कार्यक्रम गरिरहेका छौ ।' रगतको आवश्यकता पर्दा कहाँ जाने, कसरी रगत व्यवस्थापन गर्नेबारे विद्यार्थीलाई समान्य ज्ञानको समेत अभाव देखिएको उनको भनाई छ । जनचेतना अभावले रगत व्यवस्थापन गर्न नसकेर कतिपय विरामीको अकालमै मृत्यु भएको घटनाहरु भएकाले यो कार्यक्रम प्रत्येक विधालयमा संचालन गर्ने आफुहरुले प्रयास गरिरहेको उनको भनाइ छ ।

'कलेजमा ५०-६० जना विधार्थीहरु राखेर उनीहरुलाई रगत बारे प्राविधिक र व्यवहारिक कुराहरु सलाइड मार्फत सिकाउँछौँ र यो सिकाई एकदमै प्रभावकारी देखिएको छ,' ब्लड फर नेपाल धनुषा टिमका सदस्य विकास साहले भने। उनका अनुसार कार्यक्रम गरे वापत भने कसैले संस्थालाई आर्थिक सहयाता दिने गरेको छैन् । निःस्वार्थ भावनाले मानवताको नाताकाले आफुहरु खटिरहेको साहको भनाई छ ।

'आऊँ रगत का कुरा गरौ, आऊ रगत का कुरा बुझौ'' नारा लिएर धनुषाको विभिन्न ठाउँमा रक्तदान सचेतना कार्यक्रम आयोजना गर्दै आएको ब्लड फर नेपाललेरु जनकपुरधामका मोडेल मल्टिपल कलेज, मोनाष्टिक आवासीय माध्यामिक बिधालय, राराब क्याम्पस, यज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय (ज्ञानकुप) , सेन्ट्रल इन्जिनियरिङ कलेज, जनकपुर ऐकेडेमी स्कुलमा कार्यक्रम गरिसकेका छन् । त्यस्तै धनुषाकै महेन्द्रनगरमा रहेको गंगोत्री मावि, दर्शनिया रामेश्वर सिंह कुशवाहा एकेडमी लगायत वटेश्वर गाँउपालिकाका केही विद्यालयमा समेत यो कार्यक्रम उनीहरुले गरिसकेका छन् ।

त्यस्तै बारा जिल्लाको निजगढस्थित श्री गौरीशंकर माध्यमिक विद्यालय र गौरीशंकर क्याम्पस र महोत्तरीको गौशालामा रहेको त्रिभुवन सेकेन्ड्री स्कुल र भानुभक्त मेमोरियल सेकेन्ड्री इङलिस बोर्डिङ स्कुलमा समेत यो कार्यक्रम समपन्न भइसकेको छ । धनुषा जिल्लामा रक्तदान सचेतना कार्यक्रममा ब्लड फर नेपाल धनुषाका सदस्य बिकाश साह,अमित यादव, सोनाली साह ,कार्तिकेश झा, संजय साह ,रवि प्रसाद गुप्ता सक्रिय हुन्छन् भने महोत्तरी मा संजय सिंह कुशवाहा ,अजय अधिकारी र दिपक महतो लगायतका सदस्यहरू प्राय सक्रिय देखिन्छन्।

अध्ययनसँगै सामाजिक सेवामा सक्रिय रहेका ब्लड फर नेपाल धनुषाका सदस्य कृष्ण कुमार महतो अध्ययनको सिलसिलामा काठमाण्डौ बस्छन् तर कलेजको विदा सक्ने बित्तिकै गाँउ घरमा रगत विषय सँग जोडेर विभिन्न किसिमको प्रतियोगिता र अभियान चलाउने गर्छन्। 'हामी रगतका विषयमा कुनै डिग्री लिएक छैनौं। न त हामी रगतका बारे वकालत गर्ने प्रशिक्षक हौं ।

हामी साथिहरु विभिन्न संकायमा ब्याचलर अध्ययनरत विद्यार्थीहरु नै छौं । हामी रगतका बारेमा विभिन्न अनलाइन र पत्रपत्रिकामा पढेका छौं। केहि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डाक्टरको सरसल्लाह अनुसार स्लाइड बनाएर विधार्थीहरु माझ जानकारी पस्किने गरेका छौं, उनी भन्छन्, 'हामीले सिकाउने ठाउँमा हामीभन्दा ठुला ठुला विधार्थीहरु क्लासमा सहभागी हुन्छन्। हामीले यसलाई सिक्ने र सिकाउने माध्यम बनाएर आगाडि बढेका छौं। यसले हामीहरुलाई बोल्ने , समस्या पहिचान, नेतृत्व र प्रस्तुतिकरणमा क्षमता अभिवृद्धि हुने हामीले विश्वास गरेका छौं।'

ब्लड फ़ार नेपालले बिग्त ५ बर्ष देखी धनुषा लगायत देशका अन्य विभिन्न ठाउँहरु मा बिरामी लाई रगत आवश्यक परेको बेला रगत जुटाऊन र रगत सम्बन्धी सचेतना क्रयाक्रम गर्दै आइरहेको ब्लड फर नेपाल धनुषा टिमका संयोजक भवानी प्रसाद साहले बताए ।

उनका अनुसार विधालय, कलेजलाई प्राथमिकतामा राखेर त्यहाँ अध्ययनरत विधार्थीहरुलाई यसबारे सचेत गराउन आवश्यक रहेको हुँदा उनीहरूबाट नै यो सचेतनालाई व्यापक रुपमा आमजनसमुदायमा पुर्याउने संस्थाको लक्ष्य छ ।

ब्लड फर नेपाल रक्तदाता खोजेर बिरामीलाई रगत उपलव्ध गराउने काम गर्दै आएको नाफा नकमाउने गैरसरकारी संस्था हो। संस्थाले डाटा हेरेर कुन ठाउँका बिरामीलाई कुन समूहको रगत चाहिएको हो भन्ने निधो गरेर तुरुन्तै पुग्न सक्ने रक्तदातालाई फोन गर्छ र बिरामीका अफन्तसँग सम्पर्क गराइदिन्छ। यस कामका लागि संस्थामा स्वयंसेवकहरू गठन गरेर काम गरिहेका छन्।

ब्लड फर नेपालले मधेस प्रदेशका विभिन्न जिल्लाहरूमा गएर विधालय,कलेजका विधार्थीहरुसँग रक्तदान सचेतना कार्यक्रम गरिरहेको छ। धेरै किसिमका अभियान मध्ये सबैभन्दा महत्वपुर्ण अभियान रगत अभियान रहेको कुरा वल्ड फर नेपालका संस्थापक अध्यक्ष सरोज कुमार महतो बताउँछन्। सरोज भन्छन्, हामी यो छ महिनाको अवधिमा धनुषा, महोत्तरी र काठमाडौं उपत्यका भरिमा जम्मा लगभग ३२०० विधार्थीहरु माझ यो अभियान लिएर पुगिसकेका छौं। 'हामी डोनर (रक्तदाता) र बिरामीका बीचमा मेडिएटर (माध्यम) को काम गर्छौं। हामीले अहिलेसम्म रक्तदान गर्ने १० हजार व्यक्तिको नाम-ठेगानाको डाटा संकलन गरेका छौँ।' सरोजका अनुसार हाल चारवटा प्रदेशका विभिन्न ठाउँमा सय जना स्वयंसेवक छन्। उनीहरू धेरैजसो विद्यार्थी हुन्।

हामी असल नागरिक बन्ने जमर्को गर्दै छौँ। बिरामीलाई रगत जुटाइँदिदाको खुसी बयान गरेर साध्य हुँदैन, बेग्लै आनन्द महसुस हुन्छ,' सरोज भन्छन्, 'हामी रगत जुटाइदिएर पैसा लिँदैनौँ। जीवनयापनका लागि आआफ्नै काममा छौँ।'

'घरपरिवार मा रक्तदान गर्ने विधि (प्रक्रियाको बारेमा थाहा नहुँदा रगत आवश्यक परेको बेला भौतारिने अवस्था आएको कुरा मोनाष्टिक कलेज कक्षा १२ कानुन संकायमा अध्यनरत छात्रा राधा नागवंसी बताउँछिन्।

'रक्तदानका विषयमा रहेका विभिन्न किसिमका अफवाह बारे सहि ढङ्गले हामी बुझेका छौँ । रक्तदान गरेपछि कमजोरी हुन्छ, दुब्लो पातलो भइहाल्छ भनेर सुनेको थिए तर त्यसतो नहुदो रहेछ । अब म पनि रक्तदान गर्छु । रक्तदान किन गर्नुपर्छ भन्ने कुरा आफ्नो घरपरिवारका सदस्यलाई पनि सिकाउँछु,' उनले भनिन्।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

**मिटिङ्ग हल, पार्टी पैलेश**

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

## अहिलेको गठबन्धन सरकार लामो...

बन्ने खतरा रहेकाले पुनः माओवादी र एकीकृत समाजवादी मिलेर कांग्रेसले पुरानो गठबन्धन व्युताउँने पर्ने बताए ।उनले अहिलेको गृहमन्त्री रवि लामिछानेले जनताले जम्मा गरेको सहकारीको रकम अपचलन तथा ठगी गरेका कारण राजीनामा गर्नुपर्ने बताए ।

उनले भने, 'विगतमा माओवादी र कांग्रेस बीचमा केही विषयवस्तुमा असमझदारी भएपछि गठबन्धन भत्किएकाले विगतको समिक्षा गरेर पुनः कांग्रेस-माओवादी-माधव नेपालको पार्टीसंग गठबन्धन गरेर सरकार बनाउनुपर्ने आवश्यकता रहेको छ ।'सहमहामन्त्री यादवले अघि थप्दै भने, 'माओवादीले पनि हामीलाई विगतमा धोखा दिएकै हो भने कांग्रेसले पनि त्रुटी गरेकै हो, जसको कारणले दुई दलबीच असमझदारी उत्पन्न भयो, र सरकार समीकरण भत्कियो । अब त्यो हुनु हुँदैन, पुनः माओवादी, कांग्रेस र एकीकृत समाजवादीको सरकार बन्नुपर्छ ।'सो कार्यक्रममा राष्ट्रियसभा सदस्य आनन्दप्रसाद ढुंगानाले मुलुकमा किसानलाई निकै सास्ती खेप्नु परेको भन्दै किसानको समस्यालाई तत्काल समाधान गर्नुपर्ने बताए ।

नेपालमा किसानहरु एकजुट भएर किसानले आफ्नो हकहितमा आन्दोलन गर्नुपर्ने बताए ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाद्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# धनुषाको हारसरमा बनेको प्रकृतिमैत्री बाँसघर ओझेलमा



विजयकुमार साह

**वैशाख ५ गते, ढल्केवर**

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-१०, हारसरमा बनेको प्रकृतिमैत्री बाँसघर ओझेलमा परेको छ ।

डेनमार्कको दातृ संस्था डानिडाको सहयोगमा चुरे जलाधार संरक्षणको क्षेत्रमा काम गर्दैआएका जीवन केन्द्र धनुषाले सन् २०१० मा बाँसैबाँसको प्रयोग गरेर निर्माण गरिएको प्रकृतिमैत्री बाँसघर उचित स्याहार र ठाउँको बारेमा प्रचारप्रसार नहुँदा ओझेलमा परेका हुन् ।

ढल्केवर-जनकपुर सडक खण्डको रमदैया चोकबाट करिब डेढ किलोमिटर पूर्वमा पर्ने हारसरमा नेपालमा बन्ने परम्परागत तथा आधुनिक घरभन्दा बाँसको प्रयोगबाट भिन्न शैलीमा अति आकर्षक घरहरू बनाइएका छन् । संस्थाले सो घर तालिम केन्द्रको रूपमा निर्माण गरेको भएपनि बाँसैबाँसको प्रयोगबाट घर बनेकाले यसलाई बाँसघरको नामले पनि चिन्ने गरिएको स्थानीयको भनाइ छ ।

जीवन केन्द्रका अध्यक्ष कारी यादवले करिब डेढ बिघा क्षेत्रफलमा रहेको तालिम केन्द्रमा आवास, तालिम हल, चमेना गृह, शौचालय, स्नानगृहलगायत सम्पूर्ण संरचना बाँसकै प्रयोगबाट निर्माण गरिएको छ भने भित्ता माटो र बालुवाको मिश्रणले निर्माण गरिएको बताउनुभयो ।

धुरीखाँबो, बेरा र छानामासमेत बाँसकै प्रयोग गरिएको छ । यहाँ करिब १५० जना अटने तालिम हल र त्यति नै सङ्ख्यालाई पुग्ने गरी आवास क्षमताको घरहरू रहेको जानकारी दिनुभयो । अध्यक्ष यादवले पहिलो पटक यहाँ आउनेहरू आश्चर्य चकित हुँदै कसरी बाँसैबासले घर निर्माण गरिएको होला भनेर सोधिखोजी गर्ने गरिएको बताउनुभयो ।

जीवन केन्द्रका संस्थापक अध्यक्ष एवं मधेश सरकारका पूर्वमन्त्री ज्ञानेन्द्रकुमार यादवले प्राकृतिक स्रोतमाथिको दोहन रोक्न नमुनाको रूपमा स्थानीय स्तरमा उपलब्ध बाँस र माटोको प्रयोगले प्रकृतिमैत्री तालिम केन्द्र निर्माण गरिएको बताउनुभयो । प्रशोधन गरिएको उन्नत जातको बाँस प्रयोग गरिएकाले निर्माणको १४ वर्ष भइसक्दा पनि संरचना दुरुस्त रहेको बताउँदै उहाँले अझै २०-४० वर्ष टिक्ने जानकारी दिनुभयो ।

"सुरुको समयमा तालिम, गोष्ठी आयोजना गर्न तथा संरचना हेर्न आउने मानिसको भिड लाग्ने गर्दथ्यो । केही वर्षयता व्यवस्थापन समितिको कमजोर व्यवस्थानले यहाँ कम सङ्ख्यामा मानिस आउने गरेको भएपनि अब पुनः कम्मर कसेर यस ठाउँलाई पर्यटन क्षेत्रको रूपमा विकास गरेर प्रचारप्रसारमा ल्याउँछौं," पूर्वमन्त्री यादवले भन्नुभयो ।

संस्थाका संस्थापक महासचिव एवं सामुदायिक वन उपभोक्ता महासङ्घ मधेश प्रदेशका अध्यक्ष सोमप्रसाद शर्माले घरलगायतका संरचना निर्माणमा कङ्क्रिट र काठ प्रयोगको विकल्पमा बाँसको उपयोग बढाउने उद्देश्यले उदाहरणका लागि तालिम केन्द्रमा निर्माण गरिएको संरचनामा बाँसको प्रयोग गरिएको बताउनुभयो ।

"कङ्क्रिट र काठको संरचना निर्माण गर्दा गिट्टी, बालुवा र काठको प्रयोग गरिन्छ । जसले गर्दा नदी तथा जङ्गलजस्ता प्राकृतिक स्रोतको दोहन भइरहेको छ । त्यसलाई रोक्नका निम्ति पनि संरचना निर्माणमा बाँसको उपयोग बढाउँदै लैजानुपर्छ", उहाँले भन्नुभयो ।

## सांस्कृतिक र आध्यात्मिक जागरणमा महायज्ञले टेवा पुग्छ : उपराष्ट्रपति यादव



खबर दर्पण समाचारदाता

**वैशाख ५ गते, सिरहा**

उपराष्ट्रपति रामसहाय प्रसाद यादवले ऐतिहासिक जननायक सलहेसको पवित्र भूमि, मधेश जनविद्रोहको उद्गम स्थल सिरहा र यस क्षेत्र वरपरका स्थानीय बासिन्दाहरूमा सामाजिक, सांस्कृतिक र आध्यात्मिक जागरण पैदा गर्न महायज्ञ महोत्सवबाट टेवा पुग्ने बताउनुभएको छ ।

उहाँले मधेश प्रदेशको सिराहा नगरपालिका-१४, खिरौना नवटोलीमा श्री रामजानकी महायज्ञ समितिद्वारा आयोजित 'श्री श्री १०८ श्री रामजानकी महायज्ञ महोत्सव' को बुधबार समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उक्त कुरा बताउनुभएको हो ।

उहाँले महायज्ञबाट सम्पूर्ण आम नागरिकमा आन्तरिक आध्यात्मिक चिन्तनको प्रस्फुटन गर्दै परस्पर मैत्रीभाव, अपनत्वभाव, भाइचारा, मेलमिलाप र भ्रातृत्वभाव पनि बढ्ने जानकारी दिनुभयो ।

''महायज्ञ, धार्मिक अनुष्ठानलगायतबाट मानव जीवनमा प्रादुर्भाव हुने अलौकिक अध्यात्म शक्ति तथा धार्मिक चिन्तनले व्यक्तिलाई सही र असल मार्गमा डोर्‍याउन सघाउँदछ । यसले व्यक्तिलाई सबै मानिस र जीव-जन्तुलाई समान दृष्टिकोणले बुझ्न र सम्मान गर्न पनि सहयोग पुग्ने गर्दछ ।,'' उपराष्ट्रपति यादवले भन्नुभयो, ''यी र यस्ता महायज्ञहरूले व्यक्तिलाई भौतिक वस्तुहरूप्रतिको मोह भङ्ग गराउँदै असीम शान्तिको मार्गमा हिँड्ने आध्यात्मिक सोचको विकास पनि गराउँदछ । महायज्ञ आफैमा एउटा सांस्कृतिक र सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुतालाई बढवा दिने अनुष्ठान हो । यसले व्यक्तिलाई नाम, दाम र लोकप्रियता गौण विषय हो भन्ने तथ्य बुझ्न पनि मद्दत गर्दछ ।''उहाँले द्रुत प्राविधिक विकास र सामाजिक परिवर्तनको यो युगमा, विश्वले शान्ति सङ्कटको सामना गरिरहेकोमा चिन्ता व्यक्त गर्दै वैज्ञानिक प्रविधिहरूले हामीलाई एकआपसमा नजिक ल्याएपनि आजको मानव सभ्यता चिन्ता, अवसाद जस्ता मनोविक्षिप्तता र अनेकौं जटिल मनोविकृतिबाट सिर्जित समस्याहरूसँग लड्न बाध्य पनि बनाएको बताउनु भयो ।

''यसले हाम्रो जीवन ऊर्जाको क्षयीकरण हुने गर्दछ । अझ व्यस्त जीवनशैलीले मानिसलाई असन्तुलनको अवस्थामा पुर्‍याइ दिएको छ ।,'' उहाँले भन्नुभयो, ''यस्तो अवस्थामा महायज्ञ जस्तो धार्मिक अनुष्ठानको उपादेयता झनै बढी हुने गर्दछ ।''उपराष्ट्रपति यादवले महायज्ञको भौतिक र आध्यात्मिक महत्त्व रहेको उल्लेख गर्नुभयो ।


## आगलागी तथा डढेलोबाट बचौं र बचाऔं

□ सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।

□ जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं ।

□ सानो असावधानीले जंगल मात्र होइन आसपासका वस्तीसमेत उडाड हुन सक्छन् ।

□ जनधन र वनको संरक्षण गरौं ।

**सचेत बनौं, डढेलो तथा आगलागीबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

**गणेशमान चारनाथ नगरपालिका**
**धनुषा**

## विषादीको प्रयोगमा सचेत बनौं

- विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु :
- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्टा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखी भौ फरफराउनु ।
- नाक पोल्ने, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक(वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु ।
- हिँड्दा लडखडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ(स्वाँ बढ्नु, र मुर्छा पर्नु ।

**त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकाले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।**

**मिथिला नगरपालिका**
**धनुषा**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा